# दार्मा गाउँपालिकाको गाउँ प्रहरी ऐन, २०७७ (प्रथम संशोधन)

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश**

**नेपाल**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -९ सङ्ख्या : ५ मिति : २०८२/०३/२७**

## भाग -१

## दार्मा गाउँपालिका

**गाउँ सभाबाट स्वीकृत मिति: २०७७/१०/३०**

**प्रमाणीकरण मिति : २०७७/११/०५**

**प्रथम संशोधन मिति : २०८२/०३/२७**

# दार्मा गाउँपालिकाको गाउँ प्रहरी ऐन, २०७७ (प्रथम संशोधन)

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क.१ ले दिएको अधिकार प्रयोग गरी दार्मा गाउँपालिकाले यो गाउँ प्रहरी सम्बन्धी ऐन, २०७७ (प्रथम संशोधन) बनाई लागू गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम ‘‘गाउँपालिकाको गाउँ प्रहरी  ऐन, २०७७ (प्रथम संशोधन)’’ रहेको छ।

(२) यो ऐन गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेपछि लागू हुनेछ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) ‘‘ऐन’’ भन्नाले दार्मा गाउँ प्रहरी ऐन, २०७७ लाई सम्झनु पर्दछ।

(ख) ‘‘गाउँपालिका’’ भन्नाले दार्मा गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) ‘‘मुख्य कार्यालय’’ भन्नाले गाउँपालिका रहेको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ।

(घ) ‘‘समिति’’ भन्नाले दार्मा गाउँपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

(ङ) ‘‘गाउँ प्रहरी’’ भन्नाले दार्मा गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

(च) ‘‘करार पद’’ भन्नाले म्याद तोकिएको गाउँपालिकाको सभाद्धारा स्वीकृत करार पदलाई सम्झनु पर्दछ।

(छ) ‘‘परिवार’’ भन्नाले गाउँ प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला गाउँ प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

(ज) ‘‘भत्ता’’ भन्नाले दार्मा गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

(झ) ‘‘आर्थिक वर्ष’’ भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

(ञ) ‘‘कार्यपालिका’’ भन्नाले दार्मा गाउँपालिकाको  कार्यपालिकालाई सम्झनु पर्दछ।

(ट) ‘‘सभा’’ भन्नाले दार्मा गाउँपालिकासभा सम्झनु पर्दछ।

(ठ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

(ड) ‘‘तोकिएको’’ वा ‘‘तोकिए बमोजिम’’ भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) ‘‘जवान’’ भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ।

(ण) ‘‘गाउँ प्रहरी कर्मचारी’’ भन्नाले गाउँ प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ।

**३. ऐनको व्याख्या गाउँपालिकाले गर्ने :** (१) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा गाउँ प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँपालिका प्रमखु प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) को सम्वन्धमा गाउँपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

## परिच्छेद २

## गाउँ प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. गाउँ प्रहरी सेवाको गठन** : (१) गाउँपालिकामा एक गाउँ प्रहरी सेवा समूह रहनेछ।

(२) गाउँ प्रहरी सेवाको गठन र त्यसमा रहने गाउँ प्रहरी कर्मचारीहरूको दरबन्दी तेरिज, पद र सङ्ख्या गाउँ सभाले तोके बमोजिम हुनेछ।

(३) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, अधिकार तथा उत्तरदायित्व समेत उल्लेख गरिनेछ।

(४) गाउँ प्रहरी प्रमुख लगायत गाउँ प्रहरी कर्मचारीहरूको काम, कर्तव्य, अधिकार तथा उत्तरदायित्व तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ३

## गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार :** देहायको कार्यमा सहयोग पुर्याउनको लागि गाउँपालिकाले गाउँ प्रहरीको परिचालन गर्न सक्नेछ :

(क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने, गराउने

(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने।

(ग) स्थानीय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने।

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने।

(ङ) गाउँपालिका सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने।

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वय गर्ने र गराउने।

(छ) सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्ने।

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने।

(झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(ञ) छाडा पशु चौपायको नियन्त्रण गर्ने ।

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ठ) सार्वजनिक आवागमनमा बाधा पुर्याइ राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेस गर्ने ।

(ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने एवम् निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेस गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(ढ) गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख समक्ष पेस गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(ण) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने साथै पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेस गर्ने ।

(त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरू काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेस गर्ने ।

(थ) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने र मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(द) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेस गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(ध) वडा समिति, टोल सुधार समिति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(न) इजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता÷नवीकरण गर्न लगाउने ।

(प) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरूको निरीक्षण गर्ने । मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेस गर्ने ।

(फ) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(ब) दार्मा गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरूको लगत राख्ने ।

(भ) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(म) सहरमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(य) एम्बुलेन्सलाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने ।

(र) माथि तोकिए बमोजिमका कार्यहरू समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(ल) गाउँपालिकाले तोकेका भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यहरू एवं अन्य कार्यहरू गर्ने गराउने ।

(व) स्थानीय विद्यालयहरूमा पठनपाठन कायम राख्न आवश्यक सहयोग पर्याउने।

(श) पर्यावरणीय कार्यमा सरिक हुनुका साथै जनचेतनामूलक कार्य गर्ने ।

(ष) स्थानीय श्रोत परिचालनमा सहयोग तथा जमीनको अधिकतम उपयोग गर्न सक्रिय हुने ।

(स) महिला तथा घरेलु हिंसा, कुरिती, कुसंस्कार बिरुद्ध जनचेतना सञ्चालन गर्ने

(ह) स्थानीय सरकारको विनियोजित बजेट र योजनाको प्राप्त जिम्मेवारी अनुसार सम्पन्न गर्ने ।

(क्ष) गाउँपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरूमा आिश्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने ।

(त्र) समाजमा हुने रक्सि जाँड, महिला हिंसा, चोरी डकैती, लागु औषध प्रयोग तथा उत्पादन रोक्न भूमिका खेल्ने ।

(ज्ञ) तोकिए बमोजिम जनसेवा, सामूहिक श्रम, उद्यमशीलता आदिमा सरिक हुने ।

## परिच्छेद – ४

## तह विभाजन र पदपूर्ति

६. **स्थायी पद सिर्जना गर्न नपाइने :** (१) गाउँपालिकामा रहने गाउँ प्रहरीको लागि स्थायी पद सिर्जना गर्न पाईने छैन् ।

(२) गाउँपालिकाको लागि आवश्यक गाउँ प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा भर्ना गरिनेछ।

(३) उपदफा (२) बमोजिम गाउँ प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेस गर्दा सङ्ख्या र पदमा रहने गाउँ प्रहरीका विभिन्न तहका दरवन्दीहरूको सिर्जना गाउँ सभाले निर्णय गरे बमोजिम हुनेछ।

(४) गाउँ सभामा पद सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेस गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेस गर्नु पर्नेछ।

(५) गाउँ प्रहरीको देहायका पदहरूमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरी तोकिएको पारिश्रमिक पाउने गरी सेवा करारमा नियुक्ति हुनेछन्ः

(क) गाउँ प्रहरी सहायक निरीक्षक

(ख) गाउँ प्रहरी हवल्दार

(ग)) गाउँ प्रहरी जवान

(घ) गाउँ प्रहरी सहयोगी / भान्से

**७. नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा गाउँपालिकापालिको प्रमुख प्रशासकीय अधिकृतले गाउँ प्रहरीको नियुक्ति गर्नेछ।

**८. पदपूर्ति गर्ने तरिका : (**१) गाउँ प्रहरी सहायक निरीक्षक, हवल्दार र जवान पदमा सत प्रतिशत खुला प्रतियोगिताद्वारा करारमा पदपूर्ति गरिनेछ।

(२) गाउँ प्रहरी जवान पद र सहयोगी पदमा सतप्रतिशत खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा गाउँ प्रहरीलाई समावेशी बनाउन खुला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(क) महिला ३३ प्रतिशत

(ख) आदिवासी / जनजाति २७ प्रतिशत

(ग) दलित २५ प्रतिशत

(घ) विपन्न १५ प्रतिशत

(४) यस ऐनको खण्ड (क), (ख), (ग) को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी / जनजाति र दलितलाई सम्झनु पर्छ।

(५) उपदफा ३ बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी / जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ। तर त्यसरी नतोकेसम्मको लागि गाउँपालिकाले तोकेको महिला, आदिवासी /जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ।

(६) उपदफा (३) बमोजिम छुट्याईएका पदको लागि दरखास्त पेस गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ।

(क) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी / जनजातिका लागि नेपाल आदिवासी÷जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी / जनजाति भनी प्रमाणित भएको।

(ख) दलितको सूचीमा स्पष्ट खुलेको दलित जाति वाहेक अन्यको हकमा दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको।

(ग) विपन्नको हकमा गाउँपालिका वा कानून बमोजिमको अन्य निकायले दिएको विपन्न प्रमाणित कागजात।

(७) उपदफा (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क आएमा त्यस्तो घाताङ्क जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ।

(८) उपदफा (३) बमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक सङ्ख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद सङ्ख्या खुला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ।

(९) गाउँ प्रहरी पदमा साधारणतया सुरक्षा निकायमा आवश्यक न्यूनतम योग्यता भएकालाई नियुक्ति दिइने छ। तर स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै निम्न उम्मेदवारलाई पनि अवसर दिइनेछ :

(क) पूर्व सुरक्षाकर्मी र सुरक्षा सम्बद्ध अनुभव प्राप्त युवाहरू

**९. खुला प्रतियोगितामा भाग लिन गाउँ प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता :**

(क) दरखास्त आह्वान  १८ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको  वहालवाला गाउँ प्रहरी, पूर्व जनमुक्ति सेना, पूर्व सुरक्षाकर्मी वा पूर्व म्यादी प्रहरीको हकमा ४५ वर्ष ननाघेको।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट  प्रवीणता प्रमाण पत्र वा  सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको।

(च) महिलाहरूको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाइ भएको।

(छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

(ञ) नेपाली नागरिकताको प्रमाणपत्र पाएको।

**१०. पदपूर्ति समिति** : (१) गाउँ प्रहरीको नियुक्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ।

(क)  प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँपालिका भित्र रहेको इलाका प्रहरी कार्यालय तथा सुरक्षा निकायको प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत - सदस्य

(घ) गाउँपालिका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**११.पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) दफा ९ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने।

(ख) खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने।

(ग) पदपूर्ति कार्यतालिका बनाउने।

(घ) परीक्षाको किसिम तोक्ने।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने।

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले गाउँ प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१२. योग्यताक्रम सूची तयार गर्ने** : (१) उम्मेदवारहरूले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेस गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरूलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेस गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले सात दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१३. नियुक्ति : (१)** तोकिएका पदहरू पदपूर्ति समितिको सिफारिस बमोजिम प्रमुख प्रशासकीय अधिकृतले करार नियुक्ति दिनेछ ।

(२) वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरूलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेस गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस दिनभित्र गाउँ कार्यपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१४. जेष्ठताक्रम कायम गर्ने** : (१) गाउँ प्रहरी नायव निरीक्षक र गाउँ प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरूले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरूले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१५.करार अवधि थप :** नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र प्रमुख प्रशासकीय अधिकृतबाट करार नियुक्ति सदर गरिनेछ र कार्यपालिकाको निर्णयानुसार ६/६ महिनाको लागि करार अवधी थप हुनेछ ।

**१६. गाउँ प्रहरी हवल्दार. जवान र गाउँ प्रहरी सहयोगी पदमा भर्ना :** (१) गाउँ प्रहरी हवल्दार, जवान र गाउँ प्रहरी सहयोगी पदमा नियुक्ति हुन चाहने उम्मेदवारले गाउँपालिकाले तोके बमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने उम्मेदरवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) गाउँ प्रहरी हवल्दार पदको लागि १८ वर्ष उमेर पूरा गरी ३५ वर्ष ननाघेको

(ख) जवान पदको लागि १८ वर्ष उमेर पूरा गरी ३० वर्ष ननाघेको

(ग) गाउँ प्रहरी सहयोगी / भान्से पदको लागि १८ वर्ष उमेर पूरा गरी ४५ वर्ष ननाघेको ।

(घ) पूर्व लडाकु वा पूर्व सुरक्षाकर्मी वा पूर्व म्यादी प्रहरीको हकमा भने ४० वर्ष ननाघेको ।

(ङ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट हवल्दारका लागि SEE वा सो सरह, जवानका लागि कक्षा ८ वा सो सरह उतिर्ण गरेको र गाउँ प्रहरी सहयोगी / भान्से पदको हकमा साधारण लेखपढ गर्न जान्ने हुनु पर्नेछ ।

(च) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

(छ) राजनीतिक पार्टीको सदस्य नरहेको ।

(ज) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।

(झ) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ञ) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

(ट) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।

(ठ) नेपाली नागरिक ।

(ड) महिलाको लागी घटीमा ५ फिट र पुरषको लागी घटीमा ५ फिट २ इन्च उचाइ भएको ।

**१७. जेष्ठताक्रम कायम गर्ने :** गाउँ प्रहरी नायव निरीक्षक र गाउँ प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरूले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ। वहालवाला गाउँ प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै जेष्ठताक्रम मानिनेछ।

## परिच्छेद – ५

## सरुवा सम्बन्धी व्यवस्था

**१८. सरुवा सम्बन्धी व्यवस्था** : हवल्दार स्तरको गाउँ प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक गाउँ प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्नेछ। अन्य गाउँ प्रहरी कर्मचारीहरूको सरुवा आवश्यकताका आधारमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

## परिच्छेद – ६

## गाउँपालिकाको प्रशासन र गाउँ प्रहरीको सम्वन्ध

**१९. गाउँपालिका प्रशासनको नियन्त्रण रहने:** गाउँ प्रहरीको अनुशासन र आन्तरीक व्यवस्थाको कुरामा बाहेक समस्त गाउँ प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

**२०. गाउँ प्रहरी प्रमुख मार्फत लेखापढी हुने** : गाउँपालिकाले गाउँ प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया गाउँ प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ।

**२१. कारवाही गर्दा परामर्श लिने** : गाउँपालिकाले कुनै पनि अधिकृत तहका गाउँ प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार गाउँ प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ।

## परिच्छेद – ७

## बिदा

**२२. बिदा अधिकार नभइ सहुलित हुने** : (१) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन् ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा बिदामा बसेको गाउँ प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाइ काममा लगाउन सक्नेछ ।

(३) गाउँ प्रहरी कर्मचारीहरूले देहाय बमोजिमका बिदा पाउनेछन्ः

(क) भैपरी आउने र पर्व बिदा

(ख) विरामी बिदा

(ग) किरिया बिदा

(घ) प्रसुती बिदा

(ङ) प्रसुति स्याहार बिदा

**२३. बिदा नलिई घर बस्ने गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने** : (१) यस ऐन बमोजिम बिदा स्वीकृत नगराइ बिदामा बसेमा निजलाई सेवाबाट हटाइने छ ।

**२४. भैपरी र पर्व बिदा** : (१) गाउँ प्रहरी कर्मचारीले प्रत्येक वर्ष १२ दिनमा नबढाइ भैपरी र पर्व बिदा पाउने छ ।

(२) भैपरी र पर्व आउने बिदा साधारणतया एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

(३) भैपरी र पर्व बिदा सञ्चित हुने छैन् ।

(४) भैपरी र पर्व बिदा वसेका गाउँ प्रहरी कर्मचारीहरूले पूरा तलव, भत्ता, रासन पाउनेछ ।

(५) भैपरी र पर्व बिदा शनिवार वाहेक अरु बिदाहरूसँग मिलाई लिन पाइने छैन ।

**२५. बिरामी बिदा** : (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा बिरामी भइ अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक गाउँ प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र रासनसहित बिरामी बिदा पाउने छ ।

(२) गाउँ प्रहरी कर्मचारी अशक्त भई सञ्चित विरामी बिदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की बिदा दिन सकिनेछ ।

(३) सात दिनभन्दा वढी अवधिको विरामी बिदा माग गर्ने गाउँ प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेस गर्न साधारणतया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाइ प्रमाणपत्र पेस नगरी बिदा दिन सक्नेछ ।

(५) निलम्बनमा रहेको गाउँ प्रहरी कर्मचारीले सो अवधिभरको बिरामी बिदा पाउने छैन ।

**२६. किरिया बिदा** : (१) गाउँ प्रहरी कर्मचारी आफैं किरियामा बस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया बिदा पाउनेछ । यस्तो बिदा महिला गाउँ प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिइनेछ ।

(२) यस्तो किरिया बिदा बस्ने गाउँ प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ ।

**२७. प्रसूती बिदा** : (१) महिला गाउँ प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती बिदा पाउनेछ ।

(२) प्रसूती बिदा वस्ने महिला गाउँ प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ ।

(३) प्रसूती बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

(४) उल्लेख भएअनुसारको बिदाको अभिलेख प्रहरी सहायक निरीक्षकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराइ प्रशासन शाखाले अद्यावधिक गर्नुपर्नेछ ।

**२८. प्रसूती स्याहार बिदा** :(१) प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ ।

(२) गाउँ प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूती स्याहार बिदा लिन सक्नेछ । यो बिदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

(३) प्रसूती स्याहार बिदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ ।

(४) सुत्केरी स्याहार बिदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

**२९. सट्टा बिदा :** कुनै पनि सार्वजनिक बिदाको दिन ड्यूटी गर्ने गाउँ प्रहरी कर्मचारीलाई आलोपालो मिलाई गाउँ प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा सट्टा बिदा दिन सक्नेछ। तर यस्तो सट्टा बिदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन्।

**३०. बिदा माग गर्ने विधि** : (१) बिदाको माग गर्दा गाउँ प्रहरी कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाइ बिदा दिने अधिकारी समक्ष निवेदन पेस गर्नु पर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो गाउँ प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

**३१. बिदा दिने अधिकारी** : (१) देहायको बिदा गाउँ प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्ने छ :

१. भैपरी आउने र पर्व बिदा

२. विरामी बिदा

३. प्रसूति बिदा

४. किरिया बिदा

**३२. बिदा परिणत नहुने** : यस परिच्छेद बमोजिम गाउँ प्रहरी कर्मचारीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदा पछि किरिया बिदा वा प्रसूति बिदा वाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन्।

**३३. सार्वजनिक बिदा गाभिने** : भैपरी आउने र पर्व बिदा वाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको गाउँ प्रहरी कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ।

**३४. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** : बिदा नलिई कार्यालयमा अनुपस्थित हुने गाउँ प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

**३५. झट्टा कारण देखाएमा सजाय हुने** :  कुनै गाउँ प्रहरी कर्मचारीले कुनै झट्टा कारण देखाइ बिरामी बिदा, किरिया बिदा र प्रसूती बिदा लिई वसेको ठहरिएमा त्यस्तो गाउँ प्रहरी कर्मचारी विभागीय सजाय गरिनेछ ।

**३६. तालिम अवधिमा बिदा बस्न नपाइने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर  किरिया बिदाबाहेक साधारणतया अरु कुनै बिदा दिइने छैन् ।

## परिच्छेद - ८
## आचरण

**३७. दान उपहार लिन नहुनेः** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि गाउँ प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**३८. चन्दा लिन नहुने :** कुनै गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायतता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**३९. सम्पत्तिको विवरण दिनुपर्ने** : (१) गाउँ प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले साठी दिनभित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिला गर्नु  पर्नेछ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र सेयर, बैठक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(२) उपदफा १ बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको गाउँ प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(३) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक गाउँ प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४०. व्यापार व्यवसाय गर्न नहुने** : कुनै पनि गाउँ प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती बेगर देहायका काम गर्नु हुँदैन :

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

**४१. गाउँपालिकाको काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुने** : गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी सङ्घ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत गाउँ प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्ति, सामाजिक सञ्जाल, रेडियो, टेलिभिजन र पत्रपत्रिकालाई सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ तथा अन्य कानुन विपरीत हुनेगरी जानकारी दिन हुदैन ।

**४३. गाउँपालिकाको आलोचना** : गाउँ प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँपालिकावासीमा खलल पुग्ने गरी भाषण, संवाद, लेख रचना मार्फत आलोचना गर्नहुँदैन ।

**४४. निर्वाचनमा भाग लिन नहुने** : गाउँ प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**४५. राजनीतिमा भाग लिन नहुने** : गाउँ प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा

दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

४६. **समय पालन र नियमितता** : गाउँ प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

४७. **अनुशासन र आज्ञापालन** : (१) गाउँ प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) गाउँ प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका जिम्मेवारी कर्मचारीले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) गाउँ प्रहरी कर्मचारीले सबै प्रति उचित आदर र व्यवहार देखाउनुपर्नेछ ।

४८. **गाउँ प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने** : गाउँ प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

४९. **बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** गाउँ प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद – ९

## सजाय र पुनरावेदन

५०. **सजाय** : उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) नसिहत दिने ।

(ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(ग) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(घ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

**५१. नसिहत दिने वा प्रतिकूल राय लेख्ने** : गाउँ प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

**५२. नसिहत दिन सक्ने** : कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा नसिहत दिन सकिने छ :

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीन काम गरेमा।

(ग) आचरणसम्वन्धी दफा उल्लङ्घन गरेमा।

(घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(ङ) लापरवाही गरेमा ।

**५३. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले कुनै गाउँ प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(ग) वरावर अनुशासनहीनताको काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

(च) भ्रष्टाचार गरेमा

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

(ज) आचरण सम्वन्धी नियमहरू वरावर उल्लंघन गरेमा

(झ) मनासिव कारण नभई वा बिदा नलिई बिदा वसेमा वा गैरहाजिर भएमा।

**५४. सजाय सम्बन्धी कार्यविधि :** (१) गाउँ प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाइ सूचना दिई निजलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो गाउँ प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेस गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको गाउँ प्रहरी कर्मचारीको सम्वन्धमा यस दफा बमोजिमको कार्यविधिको रीत पुर्याउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै गाउँ प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(ख) सफाइ पेस गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सफाइ  पेस गर्ने मौका दिनुपर्ने छैन् ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित गाउँ प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४) कुनै गाउँ प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो गाउँ प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ । तर यस्तो निलम्बनको अवधि ३ महिनाभन्दा वढी हुनेछैन ।

(५) उपदफा (४) बमोजिम निलम्बन अवस्थामा रहेको गाउँ प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको गाउँ प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ । तर,

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन् ।

**५५. सजायको आदेश दिने** : जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित गाउँ प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा प्रमुख प्रशासकीय अधिकृतले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

**५६. पुनरावेदनको कार्यविधि** : (१) दिइएको सजायमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष पेस गर्नुपर्नेछ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ।

**५७. गाउँ प्रहरी सेवामा पुनर्वहाली भएपछि पूरा तलब भत्ता पाउने** : कुनै गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता पाउनेछ।

## परिच्छेद - १०

## अवकाश, उपदान र निवृत्तिभरण

**५८. अनिवार्य अवकाश :** (१) यो ऐन जारी भएपछि नियुक्ति भएका देहायका गाउँ प्रहरी कर्मचारीको देहायबमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ।

(क) गाउँ प्रहरी सहायक निरीक्षक – ५५ वर्ष

(ग) गाउँ प्रहरी हवल्दार र गाउँ प्रहरी जवान – ५० वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि गाउँ प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन। तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ।

**स्पष्टीकरण :** नियमको प्रयोजनको लागि गाउँ प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय बमोजिम गरिनेछ :

(क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेस गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

**५९. उपदान** : गाउँ प्रहरी कर्मचारीले उपदान पाउने छैनन्।

**६०. निवृत्तिभरण** : (१) गाउँ प्रहरी कर्मचारीले निवृत्तिभरण पाउने छैनन्।

(२) यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि गाउँ प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिइनेछ र अशक्तताको आधारमा देहाय बमोजिमको समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयले एक लाख देखि पाँच लाखसम्म र मृत्यु भएमा तेस्रो पक्ष (म्यादी) बिमा गरी रु. १० लाख एकमुष्ट राहत प्रदान गर्नेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत –अध्यक्ष

(ख) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल – सदस्य

(ग) प्रतिनिधि : गाउँ प्रहरी प्रमुख – सदस्य सचिव

(३) दफा (२) बमोजिम गठित समितिलाई कुनै गाउँ प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद्व अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ।

(४) उपदफा २ बमोजिमको राहतका लागि गाउँपालिकामा गाउँ प्रहरी राहत कोषको स्थापना गरिनेछ।

## परिच्छेद - ११

## तलब, भत्ता

**६१. तलब भत्ता :** गाउँ प्रहरी कर्मचारीले नियुक्ति पाएको मितिदेखि तलब भत्ता पाउने छ। तलव र रासन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई गाउँपालिकाले तोके अनुसार हुनेछ।

**६२. कायम मुकायम भई काम गरेको तलब भत्ता** : कुनै गाउँ प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ।

## परिच्छेद - १२

## कायम मुकायम र कार्यवाहकको व्यवस्था

**६३. कायम मुकायम मुकरर गर्न सक्ने** : (१) गाउँ प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन। तर पद रिक्त रहेको अवस्था परी दैनिक कार्य सञ्चालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ।

(२) यस दफाबमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरू मध्ये जेष्ठ गाउँ प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।

(३) कुनै गाउँ प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

**६४. कायम मुकायम गर्ने अधिकारी** : (१) गाउँ प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(२) दफा (१) बमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ गाउँ प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिने छ।

(३) दफा (१) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको गाउँ प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

(४) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न सकिने छैन्:

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर।

**६५. निमित्त भई काम गर्ने व्यवस्था** : (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबैभन्दा बरिष्ठ गाउँ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने गाउँ प्रहरी कर्मचारीको हुनेछ ।

**६६. एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने** : कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन् ।

**६७. काम गरेको अवधिको तलब भत्ता** : (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने गाउँ प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र रासन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र रासन दिइने छ ।

## परिच्छेद - १३

## तालिम

**६८. तालिमको व्यवस्था** : गाउँ प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन दार्मा गाउँपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अन्य तालिम पनि दिन सकिनेछ ।

**६९. तालिम सञ्चालन हुने स्थान** : गाउँ प्रहरीको तालिम गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**७०. तालिमको अवधि** : गाउँ प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरूको तालिमको अवधि दार्मा गाउँपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ ।

**७१. तालिमको अनिवार्यता** : (१) गाउँ प्रहरी सेवामा रहेका सबै गाउँ प्रहरी कर्मचारीहरूलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको गाउँ

प्रहरी कर्मचारीहरूले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरूलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

**७२. तालिमको पाठ्यक्रम** : विभिन्न तालिमहरूको पाठ्यक्रम छनोट समितले सिफारिस गरे वमोजिम पाठयक्रम समितिले निर्धारण गर्नेछ ।

**७३. प्रशिक्षार्थीले पाउने सुविधा** : (१) गाउँपालिका वाहिर प्रशिक्षार्थीहरूलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

(२) रासन पाउने गाउँ प्रहरी कर्मचारीहरूले नेपाल प्रहरीले पाए सरह रासन र भत्ता पाउने छन् ।

**७४. प्रारम्भिक पोसाक** : (१) सबै नयाँ भर्ना हुने प्रहरी कर्मचारीहरूलाई प्रारम्भिक पोसाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरूको लागि चाहिने प्रारम्भिक पोशाक गाउँपालिकाले दिनेछ ।

**७५. तालिममा सामेल गराउने सङ्ख्या** : गाउँ प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी गाउँ प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तालिम लिन प्रहरी कर्मचारीहरू तोक्नेछन् ।

**७६. प्रशिक्षण भत्ता :** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरूले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

**७७. अतिथि प्रशिक्षकहरूको पारिश्रमिक** : अतिथि प्रशिक्षकको पारिश्रमिक प्रचलित नियमानुसार हुनेछ ।

**७८. आन्तरिक तालिम** : एकै पटक नियुक्ति भएका  गाउँ प्रहरी कर्मचारीलाई आन्तरीक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ र ४० वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन् ।

## परिच्छेद - १४
## पोशाक

**७९. गाउँ प्रहरी पोशाक** : गाउँ प्रहरीको पोशाकको रङ्ग र किसिम तथा अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**८०. प्रारम्भिक पोसाक र सामान** : प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकेबमोजिम पोशाक र सामान उपलब्ध गराइनेछ ।

**८१. जाडो मौसमका लागि दिइने पोशाक** : प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोसाक निःशुल्क दिइनेछ ।

**८२. सेरोमोनियल पोसाक :** अधिकृत कर्मचारीहरूलाई सेरोमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

**८३. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा** : गाउँ प्रहरी कर्मचारीलाई तोकिए बमोजिम तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट बमोजिम सिलाइ ज्याला दिइनेछ ।

**८४. गाउँ प्रहरीको नयाँ पोशाक**  : गाउँ प्रहरी कर्मचारीहरूलाई निजहरूको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा गाउँ प्रहरी प्रमुखले पेस गरे बमोजिम  नयाँ दिइनेछ ।

## परिच्छेद - १५
## विविध

**८५. विभागीय आदेश र निर्देशन** : यस ऐनको परिधिभित्र रही देहायका विषयमा गाउँ प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको गाउँ प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरू स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**८६. पुरस्कार :** देहायका पदाधिकारीहरूले आफ्नो र आफ्ना मातहत कार्यालयका गाउँ प्रहरी कर्मचारीहरूले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो गाउँ प्रहरी कर्मचारीहरूलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन्।

(क) प्रमखु प्रशासकीय अधिकृत

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी

(ग) प्रहरी सहायक निरीक्षक

**८७. चाडपर्व खर्च पाउने** : गाउँ प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ।

**८८. अन्य सुविधा तथा व्यवस्था** : (१) दार्मा गाउँपालिकाले गाउँ प्रहरी कर्मचारीहरूलाई दिइने सुविधाहरू तोके बमोजिम हुनेछ।

(२) कार्यरत गाउँ प्रहरीहरूले दार्मा गाउँपालिकाको अन्य सेवा समूहमा प्रवेश गर्न चाहेमा प्रचलित कानून बमोजिम हुनेछ।

**८९. बाधा अड्काउ फुकाउ** : दार्मा गाउँपालिका कार्यालयमा कार्यरत गाउँ प्रहरी कर्मचारीहरूको सेवा, सर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरूको हकमा नेपाल प्रहरी सम्बन्धी ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ र सोमा नभएका व्यवस्थाहरूको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित कानुनमा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

**९०. ऐन संशोधन** : यस ऐनमा आवश्यक संशोधन दार्मा गाउँपालिकाको गाउँपालिका सभाबाट गर्न सकिनेछ ।

**९१. नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने** : गाउँ कार्यपालिकाले यस ऐनको कार्यान्वयनका लागि आवश्यकतानुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
रेशम ओली